# अरुण काबेली पावर लिमिटेडको साधारण शेयर नेप्सेमा सूचिकृत भएको बारे प्रेश बिज्ञप्ति

अरुण भ्याली हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडले प्रबर्धन गरी विकास गरेको अरुण काबेली पावर लिमिटेडको जम्मा १ करोड ५० लाख कित्ता साधारण शेयर आज मिति २०७३/१२/२५ गते शुक्रबारका दिन CDS & Clearing Limited हुँदै Nepal Stock Exchange Limited मा सूचिकृत भएको छ। जसको Symbol: AKPL रहेको छ। सूचिकृत भएको शेयरको प्रारम्भिक मूल्य रु. ९९ देखि रु. २९७ सम्म रहेको छ। कम्पनीको जम्मा २९ लाख १० हजार कित्ता साधारण शेयर मिति २०७४/०१/०३ गते आइतबार देखि Secondary Market मा किनबेच गर्न सकिनेछ।

संस्थापक शेयरधनीहरुको १ करोड ५ लाख कित्ता, आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको १५ लाख कित्ता तथा कम्पनीमा कार्यारत कर्मचारीहरुको ९० हजार कित्ता मिति २०७६/०९/०४ गते (प्राथमिक शेयर निष्काशनको बाँडफाँडको मितिले ३ वर्ष) सम्म लक इन हुनेछ र सो अवधि पूरा भएपछि मिति २०७६/०९/०५ गते देखि स्वतः फुकुवा हुनेछ।

NEPSE मा सूचिकृत हुने यो १२ औं जलविद्युत कम्पनी हो। यस कम्पनीको शेयर रजिष्ट्रार कम्पनी आफैंले गर्ने भएकोले शेयर सम्बन्धि अन्य जानकारी कम्पनीको प्रधान कार्यालय, ट्रेड टावर नेपाल, थापाथली काठमाण्डौमा रहेको शेयर शाखाबाट प्राप्त गर्न सकिनेछ। कम्पनीको शेयर शाखा आइतबार देखि बिहिबार सम्म बिहान १० बजे देखि दिउसो ३ बजे सम्म तथा शुक्रबार बिहान १० बजे देखि दिउसो १ बजे सम्म खुल्ला रहनेछ।

प्राथमिक शेयर निष्काशनमा आवेदन गर्दा हितग्राही खाता नं. (DMAT Number) उपलब्ध गराउनु भएका शेयरधनीहरुको शेयर सिधै, सम्बन्धित हितग्राही खाता जम्मा हुनेछ तर गलत हितग्राही खाता नं. (DMAT Number) प्रदान गर्नु भएका तथा हितग्राही खाता नं. (DMAT Number) प्रदान नगर्नु भएका शेयरधनीहरुको शेयर अभौतिकरण गर्नका लागि कम्पनीको Website: www.arunkabeli.com मा उपलब्ध भएको निवेदन सहित नागरिकताको प्रतिलिपी, हितग्राही खाता खोल्दाको प्राप्त पत्र (Account Open Confirmation Letter) तथा Allotment Advice पेश गरी शेयर अभौतिकरण गराउन सकिनेछ।

कम्पनीको अधिकृत पूँजि, जारी पूँजि तथा चुक्ता पूँजि १ अर्ब ५० करोड रहेको छ। कम्पनीको चुक्ता पूँजि मध्ये संस्थापक शेयरधनी को ७०% र सर्वसाधरण शेयरधनीको ३०% शेयर स्वामित्व रहेको छ।

कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि १५,००,००० कित्ता शेयर मिति २०७३/०२/०३ देखि २०७३/०२/१७ सम्म निष्काशन खुल्ला गरी मिति २०७३/०३/२४ मा बाँडफाँड गरेको थियो।

त्यसैगरी सर्वसाधारणका लागि (कम्पनीमा कार्यारत कर्मचारी तथा सामूहिक लगानी कोष समेत) ३०,००,००० कित्ता साधारण शेयर मिति २०७३/०७/०९ देखि २०७३/०७/१२ सम्म निष्काशन खुल्ला गरी मिति २०७३/०९/०५ गते बाँडफाँड गरेको थियो।

कम्पनीले मेची अञ्चल, पाँचथर तथा ताप्लेजुङ्ग जिल्लाको सिमाना भएर बग्ने काबेली नदीमा २५ मे.वा. जडित क्षमताको काबेली बी-१ जलविद्युत आयोजना निर्माण गरिरहेको छ। उक्त आयोजनाको निर्माण कार्य सम्पन्न गरी २०७४ आश्विन सम्ममा राष्ट्रिय ग्रीडमा विद्युत प्रवाह गर्ने कम्पनीको लक्ष्य रहेको छ।

मेची कोरिडोर १३२ ट्रान्समिसन लाइनमा जडान भई राष्ट्रिय ग्रीडमा विद्युत आपूर्ति गर्ने यो आयोजनाको निर्माणमा ढिलाई हुनुको कारण समयमा १३२ ट्रान्समिसन लाईनको निर्माण सम्पन्न हुन नसक्नु हो।

मेची कोरिडोर ट्रान्समिसन लाईन अन्तर्गत इलामको फिदिमदेखि पाँचथरको अमरपुर सम्म ६० कि. मि. ट्रान्समिसन लाईनको निर्माण सम्पन्न गर्न २०७४/०१/१० गतेको म्याद तोकी नेपाल विद्युत प्राधिकरणले ठेकेदार कम्पनी Jagar & Aster JV लाई निर्माण कार्यको जिम्मा दिएको छ। तापनि यो आयोजनाको निर्माण कार्य सम्पन्न हुन थप समय लाग्ने सम्भावना छ।

....................
गुरुप्रसाद न्यौपाने
कार्यकारी अध्यक्ष

मिति: २०७३/१२/२५